# लघुकथामा अग्नि शिखा

– विनय कसजू

*भ्रष्टाचरको मुद्दा लाग्दा पनि हाँसिरहने पूर्व आइजीपीको व्यवहार देखेर सबैलाई अचम्म लाग्यो । पत्नीको जिज्ञासा मेट्दै उनले भने, "अख्तियारले स्रोत नखुलेको सम्पत्ति डेढ करोड मात्रै ठहर्‍याएपछि अरु बाकी सबै सम्पत्ति बैध भयो कि भएन ?" त्यसपछि पत्नी पनि हाँस्न थालिन् ।* (लघुकथा "भ्रष्टाचारी हाँसो")

*मुलकमा संकट छाएको बेलामा विदेश घुम्न गइरहने नेता/मन्त्रीको विदेश भ्रमणको विरोध हुन थालेपछि नेताले आफ्नो कुरा राख्न पत्रकार सम्मेलन गरे । शान्ति पहिल्याउन विदेश भ्रमण गएको कुरा नेताले पत्रकारहरुलाई भने, "बुद्ध पनि शान्तिको खोजीमा विदेश/भारत गएका थिए । एउटी नारीले खिर खान दिएपछि उनलाई ज्ञान प्राप्त भएको थियो । तर मैले खिर खान पाएको छैन ।"* (लघुकथा "शान्तिको खोजीमा")

*बिरामी नभए पनि उपचार खर्च लिने नेताको चालबाट पार्टी बदनाम हुने डरले कार्यकर्ताहरुले विरोध गरे । तर नेताको तर्क छ, "कुनै पनि रोग नलाग्नु, बिरामी नहुनु पनि रोग हो ।" नेताको तर्क सुनेर विरोध गर्ने कार्यकर्ताहरुको पनि टाउको दुख्न थाल्यो ।* (लघुकथा "उपचार खर्च")

माथि उद्धृत तीन प्रसंग कुनै जोक वा ठट्टा होइनन् । देशका कर्णाधार राजनीतिक नेताका बारेमा लेखिएका लघुकथाका छोटकरी वा सार हुन् तिनीहरु । साहित्यकार एवं पत्रकार अग्नि शिखाका यस्ता चोटिला व्यंग्ययुक्त एघार वटा लघुकथाहरु उहाँले आफ्ना कृति सुरक्षित राखेको कम्प्युटरमा फेला परेका छन् । हरेक लघुकथाको तल मिति अंकित छ, जसबाट ती सबै लघुकथा २०६१ सालमा लेखिएको देखिन्छ । त्यसमा पनि सात वटा लघुकथा असोज महिनामा र चार वटा लघुकथा कार्तिक महिनामा ।

बाकी आठ वटा लघुकथा पनि त्यत्तिकै चोटिला र रोचक छन् । "हराएको मूर्ति" ले द्वन्द्व कालमा गाउँबाट सिंगै स्कुलका विद्यार्थी र शिक्षक हराउने/अपहरण हुने घटनाको सम्झना गराउँछ । प्रश्न तेर्स्याउँछ : ती मूर्तिलाई 'जनवादी शिक्षा' दिन लगिएको त होइन ?

द्वन्द्वकालमा मानिसहरुको विभत्स तरिकाले हुने हत्यालाई व्यंग्य सम्झाउँछ "एकाधिकार" लघुकथाले । विदेशमा नेपालीलाई घाँटी रेटेर मारेको घटनालाई एकाधिकारमा हस्तक्षे भनेर व्यंग्य गर्नु भएको छ लेखक ले ।

फलामे ढोका र पहरेदारहरुले सुरक्षा दिएका सम्पन्नको घरमा मात्र चोरी हुने, तर आगनमा ढोका समेत नभएको घरमा चोरले आँखै नलाउने किन होला भनेर अचम्म मानेका व्यक्तिको घरमा एक दिन चोरी हुँदा आफ्नो हैसियत बढेको भनेर खुशी हुने मानिसको कथा हो "हैसियत" ।

अरुको रगत उमाल्ने, शत्रुको मुटु थर्काउने गरी लेख्न सक्ने लेखकलाई हात उचाल्दा पनि भाग्ने कुकुरको स्वभावसँग लेखककै पत्नीले दाँजेको लघुकथा "स्वभाव" निक्कै मार्मिक छ ।

सरकारमा जानु हुन्छ कि हुँदैन भनी विवाद गर्ने एउटै पार्टीका दुई जना कार्यकर्ताको मत पार्टी सरकारमा गएर केही महिनामै सरकार ढले पछि कसरी परिवर्तन भयो ? मत मात्रै

परिवर्तन भएन चरित्र पनि परिवर्तन भयो । "मत-परिवर्तन" लघुकथाले निक्कै गहिरो राजनीतिक व्यंग्य प्रहार गरेको छ ।

दलीय राजनीतिको क्षुद्र स्वार्थले कसरी मानवीय सम्बन्ध पनि विग्रन्छ भन्ने कुरा "राजनीतिक मन" लघुकथाले स्पष्ट पारेको छ ।

मर्न लागेर आर्यघाटमा पुर्‍याइएका मन्त्रीको पनि तोक लिन जाने मानिसहरुको भीड देखेर मन्त्री कसरी ब्युँते ? मानिसहरुको स्वार्थसँग गाँसिएको राजनीतिप्रति मन्त्रीको वितृष्णालाई लेखकले स्पष्ट पारेका छन् । यस्तो ज्ञान नेताहरुमा उदाउने भए साँच्चै हाम्रो राजनीति कति माथि उठ्थ्यो होला भन्ने लाग्छ लघुकथा "तोक" पढदा ।

पछिल्लो लघुकथा "मापदण्ड" ले पति र पत्नील स्कुले सहपाठी साथीहरुसँग भेटदा भएको वर्णनको माध्यमबाट लेखकले लैंगिक विभेदलाई स्पष्ट पार्नु भएको छ ।

अग्नि शिखाले साहित्यका अरु विधामा जस्तै लघुकथा विधामा पनि सफलता पूर्वक कलम चलाउनु भएको रहेछ भन्ने कुरा माथि चर्चा गरिएका उहाँका एघार वटा लघुकथा पढेपछि स्पष्ट हुन्छ । अब उहाँको लघुकथाकारितामा शंका रहेन ।

तर शंका गर्नु पर्ने कुरा अर्कै छ । उहाँका लघुकथाहरुको तलतिर उल्लेख भएका मिति के हुन् ? उहाँले केवल २०६१ सालमा, त्यसमा पनि असोज र कार्तिक दुई महिना मात्रै लघुकथामा हात हाल्नु भयो कि उहाँका अरु पनि लघुकथा छन् ? यति चोटिला कथा लेख्ने लेखकले केवाल एघार वटा र दुई महिना मात्र लघुकथा लेख्नु भएको पक्कै पनि होइन होला । अथवा त्यहाँ उल्लेख गरिएको मिति कथा लेखेको वास्तविक मिति नभई कम्प्युटरमा टाइप गरिएको मिति हो ? तर यस्तो त नहुनु पर्ने हो ।

माथि उल्लेख गरिएका लघुकथाहरुमध्ये अधिकांश लघुकथामा राजनीतिक व्यंग्य छ । सबै कथामा उहाँको दृष्टिकोण स्पष्ट छ । विद्यमान राजनीतिक, सामाजिक तथा आर्थिक स्थिति, विसंगतिप्रति असन्तोष व्यंग्यको रुपमा लघुकथामार्फत पोखिएको छ ।

उपन्यास सिंगो जीवनको कथा हो भने कथा जीवनको एउटा पाटो हो । तर लघुकथा वास्तवमा कथा नभइ दृष्टिकोण हो । यसले जीवन, समाज, विषय, घटनाको बारेमा एउटा दृष्टिकोण प्रस्तुत गर्छ । त्यो दृष्टिकोण स्पष्ट पार्न लेखकले समस्या, घटना, संवाद, वर्णन आदि लेखन उपकरणहरूको प्रयोग गर्छ । फलस्वरुप त्यो दृष्किोण एउटा लघुकथा बन्छ । यो कुरा अग्नि शिखाका लघुकथामा चरितार्थ हुन्छन् उहाँका लघुकथाहरु कथाभन्दा बढी दृष्टिकोण नै स्पष्ट देखिन्छ । यसैले उहाँका लघुकथाहरु सफल छन् । थोरै संख्यामा लघुकथा लेखे पनि उहाँ सफल लघुकथाकार हुनुहुन्छ भन्ने कुरामा शंका छैन । दुःख यही छ कि उहाँ उपन्यास भएर बाँच्नु भएन । आफै लघुकथा हुनु भयो । हार्दिक श्रद्धान्जली !

२०६५ माघ १९ गते आइतबार
साँचल, सानेपा, ललितपुर

शब्द संयोजन मासिक, २०६५ माघमा प्रकाशित ।